मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## एलोपेथिक औषधीको आयात बढ्दै

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज नाका हुँदै एलोपेथिक औषधिको आयात हरेक वर्ष बढ्दै गएको छ।

नेपालमा सबैभन्दा बढी औषधि भारतबाट आयात हुने गरेको छ। भारतपछि बंगलादेश, सिंगापुरलगायत मुलुकबाट समेत औषधि आयात हुने गरेको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा पनि वीरगंज नाका हुँदै औषधिको आयात बढेको हो। वीरगंज भन्सार कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्षमा भारत तथा तेस्रो मुलुकबाट वीरगंज नाका हुँदै २९ अर्ब ३० करोड रुपैयाँ बराबरको एलोपेथिक औषधि आयात भएको थियो।

त्यसअघिको आर्थिक वर्षमा भने २८ अर्ब ८४ करोड रुपैयाँ बराबरको औषधि आयात भएको थियो।

● वर्ष ४ ● अंक २५० ● २०८३ साल श्रावण ३१ गते आइतबार ● Sunday 16, August 2026 ● सूर्योदय: बिहान ०५:३४ बजे ● सूर्यास्त: साँझ ०६:४२ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-



विवादको भारी बोकेर

# फेरि वीरगंजमा देखा परे ‘संजय ठाकुर’

## खेल पुरानै तर शैली नयाँ !

### ● ‘को हुन् सञ्जय ठाकुर ?’

सञ्जय कुमार ठाकुर सर्लाहीको बलरा नगरपालिका–८ स्थायी ठेगाना भएका पूर्व नापी कर्मचारी हुन्। उनले २०५३ सालमा सर्वेक्षक पदबाट सरकारी सेवा सुरु गरेका थिए। त्यसअघि तत्कालीन कृषि मन्त्री महन्थ ठाकुरको सचिवालय र केही समय हुलाक कार्यालयमा समेत काम गरेका छन्। सर्वेक्षकबाट सेवा सुरु गरेका उनी पछि नापी अधिकृत बने। तर नापी सेवामा रहँदा उनीमाथि नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरी अधिकृतमा पदोन्नति भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको विवरण छ। त्यसपछि उनले सरकारी सेवाबाट राजीनामा दिएका थिए।

**मधेशदृष्टि**
**वीरगंज।**
नापी सेवामा रहँदा जग्गा विवाददेखि अख्तियारको मुद्दासम्म जोडिएका पूर्व नापी कर्मचारी सञ्जय कुमार ठाकुर फेरि वीरगंजमा देखा परेका छन्। सरकारी सेवाबाट विवादकैबीच राजीनामा दिएर केही समय वीरगंजबाट बाहिरिएका ठाकुर पछिल्लो एक सातादेखि पुनः वीरगंजमा सक्रिय देखिन थालेपछि उनीसँग जोडिएका पुराना विवाद र आरोप फेरि चर्चामा आएका छन्। ठाकुरको पुनरागमनसँगै वीरगंजका जग्गाधनी, व्यवसायी र सम्बन्धित सरकारी कार्यालयमा काम गर्ने कर्मचारीबीच एउटै प्रश्न उठ्न थालेको छ ‘विगतमा विवादित जग्गाका फाइल बोकेर सरकारी कार्यालय धाउने, जग्गाधनीसँग बार्गेनिङ गरेको आरोप खेप्ने र ठगीसम्बन्धी उजुरीसमेत परेको व्यक्तिले फेरि वीरगंजमा पुरानै गतिविधिलाई नयाँ शैलीबाट निरन्तरता दिन थालेका हुन् ?’ सर्लाहीको बलरा नगरपालिका–८ स्थायी घर भएका ठाकुरले २०५३ सालमा सर्वेक्षक पदबाट नापी सेवामा प्रवेश गरेका थिए। त्यसअघि उनले तत्कालीन कृषि मन्त्री महन्थ ठाकुरको सचिवालयमा काम गरेको र केही समय हुलाक कार्यालयमा करार सेवासमेत गरेको उल्लेख छ। सर्वेक्षकबाट नापी सेवामा प्रवेश गरेका उनी पछि नापी अधिकृत बने। तर सरकारी सेवामा उनको यात्रा विवादमुक्त रहन सकेन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरी अधिकृत पदमा पदोन्नति भएको आरोपमा उनीविरुद्ध मुद्दा दायर गरेको थियो। त्यसपछि उनले सरकारी सेवाबाट राजीनामा दिएका थिए। सरकारी सेवाबाट बाहिरिएपछि भने वीरगंजका विभिन्न जग्गा विवादसँग ठाकुरको नाम जोडिँदै गयो। विवादित घरजग्गाका कागजात बोकेर मालपोत, नापी, अदालत, नगरपालिका तथा सम्बन्धित जग्गाधनीसम्म पुग्ने गरेको आरोप उनीमाथि लाग्दै आएको छ।

## यी छन् मुख्य विवाद र आरोपहरु

### ● ३२ कट्ठादेखि स्काईलाइन मलसम्मको विवाद

वीरगंजको छपकैया क्षेत्रमा रेल्वे लाइनसँग जोडिएको करिब ३२ कट्ठा जग्गाको विवादमा ठाकुरको नाम जोडिएको छ। स्काइलाइन मल, पुरानो रेल्वे लाइन क्षेत्र, सलाई फ्याक्ट्रीको जग्गा तथा जैन धर्मशाला नजिकका उद्योगी अशोक कुमार बैद्यसँग सम्बन्धित जग्गाको विवादमा समेत उनको नाम आएको छ। यी जग्गा विवादमा ठाकुरले किचलो सिर्जना गरी रकम बार्गेनिङ गर्ने गरेको आरोपसमेत लगाइएको छ। स्काईलाइन मलका एक सञ्चालकले विवाद समाधानका लागि ठाकुरले १ करोड रुपैयाँ मागेको दाबी गरेका थिए।

त्यसको साथसाथै नेपाल सरकारको नाममा रहेको जग्गासम्बन्धी करारनामाको विवादमा समेत ठाकुरको नाम जोडिएको छ। उक्त जग्गाको मूल्य ७ करोड ५० लाख रुपैयाँ कायम भएको र ३० लाख रुपैयाँ भुक्तानी भएको दाबी गरिएको छ। सम्बन्धित व्यक्तिले ठाकुरसँग ३० लाख रुपैयाँ लेनदेन भएको थियो। ठाकुरले भने आफूले कानुनबमोजिम जग्गा करारमा लिएको बताएका थिए।

यस्ता दाबी र प्रतिदाबीबीच वास्तविकता के हो भन्ने प्रश्न अझै महत्वपूर्ण छ। किनभने जग्गाको स्वामित्व, करार, रकम लेनदेन र त्यसमा संलग्न व्यक्तिको भूमिकाजस्ता विषय मौखिक आरोपबाट होइन, प्रमाण र कानुनी अभिलेखबाट टुंगिनुपर्ने हुन्छ।

### ● १६ जग्गाधनीको ठगी उजुरीले उठाएको प्रश्न

ठाकुरसँग जोडिएको सबैभन्दा गम्भीर विषयमध्ये वीरगंज आदर्शनगरका १६ जना जग्गाधनीले दिएको ठगीसम्बन्धी जाहेरी पनि हो। उनीहरूले आपराधिक लाभ लिने उद्देश्यले ठगी गरेको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दिएका थिए। उक्त जाहेरी २०८२ असोज ३ गते दर्ता भएको थियो भने प्रहरीले असोज ४ गते मुद्दा दर्ता गरेको थियो। तर त्यसपछि अनुसन्धान कहाँ पुग्यो भन्ने विषय स्पष्ट रूपमा सार्वजनिक भएको छैन। तत्कालीन प्रहरी उपरीक्षक गौतम मिश्रको सरुवा भएको जानकारीपछि मुद्दाको विस्तृत अध्ययन गरेर मात्र कारबाही अघि बढाउने भन्दै विषय विचाराधीन राखिएको विवरण छ।

१६ जना जग्गाधनी एउटै व्यक्तिविरुद्ध ठगीको आरोप लिएर प्रहरी कार्यालय पुग्नु आफैंमा अनुसन्धानयोग्य विषय हो। उनीहरूको आरोप सत्य हो कि असत्य भन्ने निर्णय अनुसन्धान र प्रमाणले गर्ने हो। तर जाहेरी दर्तापछि अनुसन्धानको अवस्था के भयो, प्रमाण के संकलन गरियो, सम्बन्धित व्यक्तिहरूको बयान लिइयो कि लिइएन र मुद्दा कुन अवस्थामा छ भन्ने प्रश्नको जवाफ नआउनुले प्रहरी अनुसन्धानमाथि प्रश्न उठ्नु स्वाभाविक देखिन्छ।

### ● महानगरका कर्मचारीसँग विवाददेखि प्रहरी नियन्त्रणसम्म

ठाकुरको नाम वीरगंज महानगरपालिकाका कर्मचारीसँग भएको विवादमा समेत जोडिएको छ। महानगरपालिकाका कर्मचारीलाई धम्की तथा गालीगलौज गरेको आरोपमा नगर प्रहरीले ठाकुरलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाएको थियो। महानगरपालिकाले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण र नक्सा शाखाका प्रमुख गौरव झामाथि समेत दुव्र्यवहार गरेको आरोप लगाउँदै उनीमाथि कानुनी कारबाही गर्न प्रहरीलाई पत्राचार गरेको थियो। तर प्रहरी नियन्त्रणमा पुगेका ठाकुरलाई पछि साधारण तारेखमा छाडिएको थियो। तत्कालीन प्रहरी उपरीक्षक सुदीपराज पाठकले महानगरका कर्मचारीसँग माफी मागेकाले उनलाई तत्काल साधारण तारेखमा छाडिएको र आवश्यक परे पुनः पक्राउ गरेर अनुसन्धान गर्न सकिने बताएका थिए। यस घटनाले प्रहरीको अनुसन्धान र निर्णय प्रक्रियामाथि प्रश्न उठाएको छ। यद्यपि प्रहरीको निर्णय कानुनी रूपमा उचित थियो वा थिएन भन्ने निष्कर्ष सम्बन्धित जाहेरी, अनुसन्धान प्रतिवेदन र कानुनी अभिलेख हेरेर मात्रै निकाल्न सकिन्छ।

### ● शक्ति केन्द्रसँग पहुँच रहेको दाबी

ठाकुरले आफू न्यायालय, अख्तियार, राष्ट्रिय सतर्कता केन्द्र, प्रहरी तथा प्रशासनका उच्च तहका व्यक्तिहरूसँग राम्रो सम्बन्ध रहेको बताउने गरेको बताइएको छ। प्रहरी महानिरीक्षकदेखि मन्त्रालयका सचिव, सरकारी वकिल, अख्तियार, नापी, मालपोत र न्यायालयका उच्च तहका अधिकारीहरूसँग आफ्नो पहुँच रहेको तथा भारतीय दूतावाससँग समेत सम्बन्ध रहेको दाबी गरेर सरकारी कर्मचारीलाई प्रभावमा पार्ने गरेको बताइएको छ।

### ● पुरानो गतिविधि फेरि दोहोरिँदै छ ?

ठाकुरसँग जोडिएका घटनाहरूलाई एउटै ठाउँमा राखेर हेर्दा प्रश्न झन् गम्भीर बन्छ। नापी सेवाको विवाद, अख्तियारको मुद्दा, विवादित जग्गाका फाइलमा सक्रियताको आरोप, ३२ कट्ठा जग्गाको विवाद, स्काईलाइन मललगायतका सम्पत्तिसँग जोडिएका आरोप, रकम लेनदेनका दाबी, १६ जग्गाधनीको ठगी जाहेरी र महानगर कर्मचारीसँगको विवाद यी सबै विषयको वास्तविकता छुट्टाछुट्टै कानुनी प्रक्रियाबाट स्पष्ट हुनुपर्ने विषय हुन्। तर अहिले ठाकुर पुनः वीरगंजमा सक्रिय भएको खबरसँगै पुराना प्रश्नहरू फेरि सतहमा आएका छन्।

के विगतका विवादको कानुनी किनारा लागिसकेको छ ? १६ जना जग्गाधनीले दिएको ठगीसम्बन्धी जाहेरीको अनुसन्धान कहाँ पुग्यो ? सरकारी नाममा रहेको जग्गासम्बन्धी करार र ३० लाख रुपैयाँ लेनदेनको वास्तविकता के हो ? छपकैया, स्काईलाइन मल तथा अन्य विवादित सम्पत्तिमा ठाकुरको वास्तविक भूमिका के थियो ? महानगरपालिकाले कारबाहीका लागि पठाएको पत्रमाथि प्रहरीको अन्तिम निर्णय के भयो ? र सबैभन्दा महत्वपूर्ण विगतमा नापी सेवासँग जोडिएका विवादबाट बाहिरिएका ठाकुर अहिले फेरि वीरगंज आएर विवादित जग्गाका विषयमा सक्रिय हुनुको उद्देश्य के हो ? यी प्रश्नको जवाफ ठाकुर स्वयंले मात्र होइन, प्रहरी, अख्तियार, नापी, मालपोत र प्रशासनले समेत तथ्यसहित दिनुपर्ने देखिन्छ।

### ● शैली परिवर्तन गरेर पुनः वीरगंजमा

अहिले ठाकुर फेरि वीरगंजमा देखा परेपछि पुराना घटनासँग परिचितहरूमा चिन्ता बढेको छ। विगतमा विवादित जग्गाका विषयमा प्रत्यक्ष रूपमा सक्रिय हुने ठाकुरले अहिले भने आफ्नो शैली परिवर्तन गरेको बताइएको छ। विवादित जग्गाका व्यापारी वा सर्वसाधारणलाई प्रत्यक्ष दबाब दिनुको सट्टा पत्रकारको आड लिने, पहिले आफैं सम्बन्धित पक्षसँग कुरा मिलाउने प्रयास गर्ने, कुरा नमिलेपछि विभिन्न अनलाइन तथा पत्रपत्रिकामा समाचार प्रकाशित गराउने र त्यसपछि पुनः बार्गेनिङ गर्ने गरेको आरोप लगाइएको छ। उनी पुनः मालपोत, नापी लगायतका सरकारी कार्यालय धाउने गरेको बताइएको छ।

### ● अब को बन्ने हो अर्को शिकार ?

ठाकुरमाथि विगतमा व्यापारी तथा सर्वसाधारणलाई धम्क्याएको, ब्ल्याकमेल गरेको, विवादित जग्गामा बार्गेनिङ गरेको र रकम असुली गर्न खोजेको आरोपहरू छन्। तिनको कानुनी सत्यता सम्बन्धित अनुसन्धानबाटै स्थापित हुनुपर्छ। तर अहिले उनी पुनः वीरगंजमा देखा परेको र मालपोत तथा नापी कार्यालयलगायतका सरकारी निकायमा सक्रिय हुन थालेको दाबीले स्थानीयस्तरमा एउटा स्वाभाविक चिन्ता जन्माएको छ ‘विगतका विवादको निष्पक्ष छानबिन नहुँदै पुरानै प्रकृतिका गतिविधि दोहोरिए भने त्यसको अर्को पीडित को बन्ने ?’ यही प्रश्नको उत्तर खोज्नु अहिले आवश्यक छ। वीरगंजमा जग्गा कारोबार संवेदनशील विषय हो। एउटा गलत कागज, एउटा गलत नापी विवरण वा सरकारी कार्यालयमा हुने एउटा गलत प्रभावले नागरिकको करोडौंको सम्पत्ति जोखिममा पार्न सक्छ। त्यसैले विवादित पृष्ठभूमि भएका व्यक्तिको गतिविधिमाथि निगरानी राख्नु र सम्बन्धित निकायले कानुनी सीमाभित्र रहेर तथ्य छानबिन गर्नु राज्यको दायित्व हो। सञ्जय ठाकुरमाथिका आरोपको फैसला आरोपले होइन, प्रमाणले गर्नुपर्छ। तर प्रमाण खोज्ने जिम्मेवारीबाट प्रहरी, अख्तियार, नापी, मालपोत र प्रशासन उम्किन मिल्दैन। ठाकुर फेरि वीरगंजमा देखिनु एउटा व्यक्तिको पुनरागमन मात्र होइन। यसले विगतमा अधुरा रहेका दर्जनौं प्रश्नलाई फेरि सतहमा ल्याएको छ।

# लहानस्थित प्रादेशिक अस्पतालमा ट्रमा युनिट सञ्चालन हुने

**रामएकवाल राम**
**लहान।**
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सिरहाको लहानस्थित अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालनमा ल्याइने घोषणा गरेकी छन्।

लहानमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री मेहताले पूर्ण क्षमताको ट्रमा सेन्टर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), भवन निर्माण र विशेषज्ञ चिकित्सकको व्यवस्थापन गर्न समय लाग्ने भएकाले तत्कालका लागि ‘ट्रमा युनिट’ मार्फत सेवा सुचारु गर्न लागिएको जानकारी दिइन्। उनकाअनुसार प्रदेश सरकारले हालै २९ जना विशेषज्ञ चिकित्सकहरू पठाइसकेको छ। सिटी स्क्यान मेसिन भएपनि



रेडियोलोजिष्टको अभावमा सेवा प्रभावित भएको भन्दै उनले अर्थोपेडिक सर्जन र एनेस्थेसिया विज्ञसहितको टोली व्यवस्थापन गरी सेवा सुचारु गर्ने बताइन्।

उनले भनिन्, ‘ट्रमा सेन्टर एक दीर्घकालीन प्रक्रिया हो, जसमा बहुविशेषज्ञ चिकित्सक आवश्यक पर्छन्। तर लहान राजमार्गमा अवस्थित भएको र यहाँ सिटी स्क्यान, ब्लड बैंक तथा आँखा अस्पताल जस्ता पूर्वाधारहरू उपलब्ध रहेकाले हामी तत्काल ट्रमा युनिट सुरु गर्न सक्छौँ। विगतको १८ अर्ब रुपैयाँ बक्यौतामध्ये फागुनसम्मको भुक्तानी भइसकेको छ। बीमाका केही प्याकेजहरू अवैज्ञानिक रहेकाले त्यसलाई पुनरावलोकन (रिभ्यु) गर्ने काम भइरहेको छ।’

स्वास्थ्य बीमाको सन्दर्भमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री मेहताले बीमा कार्यक्रम पूर्ण रूपमा बन्द नभएको स्पष्ट पारिन्। उनले निजी अस्पतालहरूमा मात्र बीमा सेवा रोकिएको र सरकारी अस्पतालहरूमा यो यथावत रहेको जानकारी दिइन्। तथ्याङ्कअनुसार करिब ९३ प्रतिशत नागरिक सरकारी अस्पतालमै निर्भर रहेकाले बीमाको प्रभावकारिता बढाउन सरकार लागिपरेको उनको दाबी छ।

# भारतको ८० औँ स्वतन्त्रता दिवस मनाइयो




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा भारतको ८० औँ स्वतन्त्रता दिवस विभिन्न कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ। समारोहमा भारतीय महावाणिज्य दूत देवी सहाय मीनाले दूतावास परिसरमा राष्ट्रिय ध्वजा फहराएर कार्यक्रमको शुभारम्भ गरेका थिए।

झण्डोत्तोलनपछि भारतीय राष्ट्रपतिले स्वतन्त्रता दिवसका अवसरमा राष्ट्रका नाममा दिएको सन्देश वाचन गरिएको थियो। समारोहमा नेपाल–भारतबीचको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध झल्काउने विभिन्न सांस्कृतिक प्रस्तुति तथा झाँकी प्रस्तुत गरिएको थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले दुई देशबीच सदियौँदेखि रहँदै आएको मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा थप सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए। स्वतन्त्रता दिवस समारोहमा स्थानीय नागरिक, उद्योगी, व्यवसायी, सञ्चारकर्मी, विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्व तथा नेपाल र भारतका विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता थियो।

कार्यक्रममा नेपाल–भारतबीचको ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई थप मजबुत बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरिएको थियो। सहभागीहरूले जनस्तरमा रहेको आपसी सद्भाव, सहकार्य र मैत्रीपूर्ण सम्बन्धलाई अझ विस्तार गर्नुपर्नेमा जोड दिएका थिए। समारोहमा भारतको राष्ट्रिय एकता, स्वतन्त्रता आन्दोलनमा योगदान पु¥याउने व्यक्तित्व तथा नेपाल–भारतबीचको ऐतिहासिक सम्बन्धलाई समेत स्मरण गरिएको थियो।

## सम्पादकीय

# मधेशमा ग्यासको अभाव नभएको कि समाचार नबनेको ?

देशका विभिन्न भागमा खाना पकाउने ग्यासको अभाव चर्किँदा त्यसले राष्ट्रिय समाचारको रूप लिन्छ, तर मधेशमा उस्तै समस्या देखिँदा किन त्यो मूल मुद्दा बन्न सक्दैन ? प्रश्न ग्यासको सिलिन्डर उपलब्ध भयो कि भएन भन्नेमा मात्र सीमित छैन; प्रश्न राज्य, बजार र सञ्चारमाध्यमको प्राथमिकतासँग जोडिएको छ । मधेशका नागरिकले भोगेको अभावलाई ‘स्थानीय समस्या’ भनेर पन्छाउने प्रवृत्ति अझै कायम छ भने त्यो केवल समाचारको कमजोरी होइन, समान नागरिकताको अवधारणामाथिकै प्रश्न हो।

ग्यासको अभाव मधेशका परिवारका लागि दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको संकट हो । लामो समय लाइन बस्नुपर्ने, कालोबजारीको मूल्य तिर्नुपर्ने, ग्रामीण तथा सीमान्तकृत बस्तीमा आपूर्ति अनियमित हुने र विकल्पका रूपमा दाउरा वा अन्य जोखिमपूर्ण इन्धन प्रयोग गर्नुपर्ने बाध्यता सामान्य विषय होइन। यसको असर गृहिणी, श्रमिक, विद्यार्थी, वृद्धवृद्धा र न्यून आय भएका परिवारमा असमान रूपमा पर्छ । तर राजधानीकेन्द्रित दृष्टिले यस्ता पीडालाई पर्याप्त ‘समाचारयोग्य’ नठान्दा मधेशको वास्तविकता सार्वजनिक बहसको केन्द्रमा आउन सकेको छैन।

सञ्चारमाध्यमले ग्यास अभावलाई सामान्य ठानेको हो कि मधेशका जनताको दुःखलाई सामान्यीकरण गरेको हो—यसको जवाफ खोज्नैपर्छ। समाचारको मूल्य घटनाको भौगोलिक स्थान, राजनीतिक पहुँच वा बजारको प्रभावले निर्धारण गर्ने हो भने त्यो पत्रकारिताको मूल धर्मविपरीत हुन्छ। मधेशमा समस्या देखिएपछि स्थानीय संवाददाता वा नागरिकका सामाजिक सञ्जाल पोस्टमा सीमित हुने, तर अन्य क्षेत्रमा देखिएको उस्तै समस्या राष्ट्रिय बहस बन्ने प्रवृत्तिले सञ्चारको संरचनात्मक असमानता उजागर गर्छ । जनताको आवाज जहाँ कमजोर सुनिन्छ, त्यहीँ पत्रकारिताको उपस्थिति अझ बलियो हुनुपर्ने हो।

यद्यपि, सञ्चारमाध्यमलाई मात्र दोष दिएर समस्या समाधान हुँदैन। संघीय, प्रदेश र स्थानीय सरकार, आयल निगम तथा ग्यास उद्योगहरूले आपूर्ति, वितरण र मूल्यसम्बन्धी तथ्य सार्वजनिक गर्नुपर्छ। कुन जिल्लामा कति माग छ, कति ग्यास पठाइएको छ, वितरणमा कहाँ अवरोध छ र कालोबजारी नियन्त्रणका लागि के कदम चालिएको छ—यी प्रश्नको जवाफ नियमित रूपमा सार्वजनिक हुनुपर्छ। सञ्चारमाध्यमले पनि मधेशका बजार, गाउँ र उपभोक्ताको प्रत्यक्ष अनुभवलाई प्रमाणसहित उठाउँदै अभावको कारण, प्रभाव र जिम्मेवार निकायको खोजी गर्नुपर्छ।

मधेशमा ग्यास अभावको समाचार नबन्नु अभाव नभएको प्रमाण होइन; बरु समाचार उत्पादन प्रणालीले कसको पीडा देख्छ र कसको पीडा छोप्छ भन्ने प्रमाण हो । राष्ट्रिय सञ्चारले देशका सबै भूगोललाई समान संवेदनशीलताका साथ हेर्न सके मात्र लोकतन्त्रको अर्थ जनजीवनमा अनुभूत हुन्छ । आज मधेशको ग्यास अभावलाई सामान्य ठानेर मौन बस्ने हो भने भोलि कुनै पनि क्षेत्रको आधारभूत समस्या अदृश्य बनाउन सकिन्छ। त्यसैले अब प्रश्न ‘समाचार किन बनेन?’ मात्र होइन, ‘कसको जीवनलाई समाचार मान्ने?’ भन्ने हुनुपर्छ।

# यसरी धराशायी बनाइयो उदयपुर सिमेन्ट उद्योग



कमलकुमार बस्नेत/रासस

उच्च गुणस्तरको चुनढुङ्गा खानी, जापानी सहयोगमा बनेको कारखाना। बजारमा स्थापित ‘गैँडा छाप’ ब्रान्ड। सबै हुँदाहुँदै यतिबेला उदयपुर सिमेन्ट उद्योग सङ्कटमा छ।

गाइघाट बजारको विकासमा महत्त्वपूर्ण योगदान दिएको उद्योगभित्रको भ्रष्टाचार, व्यवस्थापकीय कमजोरी, राजनीतिक हस्तक्षेप र व्यक्तिगत तथा समूहगत स्वार्थका कारण उद्योग क्रमशः धराशायी बन्दै गएको छ । यसको पछिल्लो उदाहरण हो, बोरा अभावमा ६ महिनादेखि थन्किएको सिमेन्ट।

उत्पादन भइ गोदाममा थन्किएको सिमेन्ट बोरा अभावमा बजारसम्म नपुग्नुको अर्थ हो, कमजोर व्यवस्थापन र नेतृत्वको अदूरदर्शी सोच। निजी कम्पनीहरूले धमाधम सिमेन्ट उत्पादन र बिक्री गरिरहेको अवस्थामा बोरा अभावमा सिमेन्ट थन्काउनुपर्ने बाध्यात्मक अवस्था आउनुले पनि उद्योग कुन अवस्थामा छ भन्ने बुझ्न कठिन छैन।

उद्योगका प्रशासन प्रमुख गम्भीरजङ्ग खत्रीका अनुसार १० लाख बोरा आपूर्ति गर्ने जिम्मा पाएको चितवनस्थित आशीर्वाद पोली प्याक्सले छ महिना अघिसम्म करिब पाँच लाख २७ हजार बोरा आपूर्ती गरिसकेको थियो । तर गत चैतमा कम्पनीले इन्धनको मूल्य वृद्धि भएको आफूले पहिलेको बाँकी रकम भुक्तानी नपाएकोलगायत कारण देखाउँदै रकम भुक्तानी नभएसम्म बोरा दिन नसक्ने स्पष्ट पार्यो।

‘तत्कालीन समयमा कम्पनीलाई उद्योगले २७ लाख रुपैयाँ भुक्तानी गर्न बाँकी थियो, हामीले पैसा दिनसक्ने अवस्था थिएन, त्यसैले बोरा आपूर्ति रोकिएको थियो, तर पछि उनलाई अनुरोध गरेपछि ५३ हजार १ सय ८७ बोरा आपूर्ति भयो,’ उनले भने। पछिल्लो पटक बोरा आपूर्ति भएपछि नौ लाख रुपैयाँ भन्दा बढी भुक्तानी भइसकेको छ भने अब पुरानो र नयाँ गरी करिब ३६ लाख रुपैयाँ भुक्तानी बाँकी छ।

आशीर्वाद पोली प्याक्सका शेयर सदस्य तथा बजार प्रमुख अनिल भण्डारी भने भुक्तानीको विषयमा फरक तर्क राख्छन् । उनका अनुसार उद्योगसँग करिब पाँच वर्षअघि दुई वर्षमा १० लाख बोरा आपूर्ति गर्ने गरी सम्झौता भएको थियो । तर उद्योगले माग नगरेपछि अहिलेसम्म पाँच लाख ८० हजार हाराहारीमा बोरा आपूर्ति गरिएको छ। उनका अनुसार कम्पनीले हालै पाँच लाख रुपैयाँ मात्रै भुक्तानी गरेको थियो भने अब करिब ४२ लाख रुपैयाँ लिन बाँकी छ।

### महङ्गोमा कोइला खरिद

उद्योगले महङ्गो मूल्यमा कोइला खरिद गरेको विषयमा चर्को आलोचना हुँदै आएको छ। निजी क्षेत्रका उद्योगहरूले औसतमा प्रतिटन १९ हजार रुपैयाँदेखि २० हजारमा कोइला खरिद गरिरहेकामा उद्योगले औसतमा २५ हजार रुपैयाँदेखि ३० हजार रुपैयाँमा कोइला खरिद गरिरहेको छ। उदाहरणका लागि उद्योगले २०८० कात्तिक १४ गते र सोही वर्षको मङ्सिर २ गते र प्रतिटन २७ हजार ६ सय ६६ रुपैयाँमा कोइला खरिद गरेको थियो भने सोही वर्षको असार ३१ गते प्रतिटन २३ हजार ८ सय ३८ रुपैयाँमा कोइला खरिद गरेको थियो । यसरी उद्योगले औसतमा कोइलामा प्रतिटन पाँच हजार रुपैयाँदेखि १० हजार रुपैयाँसम्म घाटा भइरहेको छ । उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्दा वार्षिक ५० हजार टन कोइला आवश्यक पर्छ । भन्सार विभागका अनुसार उद्योगले महङ्गो मूल्यमा कोइला खरिद गरिरहेको समयमा भने प्रतिटन १३ हजार रुपैयाँमा कोइला आयात भइरहेको थियो। आयात भएको कोइलालाई उद्योगले करिब दोब्बर मूल्यमा खरिद गरिरहेको देखिन्छ।

त्यति मात्रै होइन, कोइलाको गुणस्तरमा पनि प्रश्न उठेको थियो । उद्योगका लागि आवश्यक कोइलाको मापदण्डमा पनि प्रश्न उठ्ने गरेको छ। उद्योगमा प्रयोग गर्न मिल्ने कोइलाको जिसिभी मापदण्ड र ‘मोस्चराइज’ को मापदण्डमा पनि चलखेल हुने गरेको अध्ययनका क्रममा पाइएको जनाइएको छ।

### किलसेल मेसिनमा गडबडी

उद्योगमा दुई वर्ष अघि ६० मिटर लम्बाइको किलसेलमध्ये २०.८ मिटरको किलसेल खरिद गरी ल्याउने क्रममा दुर्घटनामा पर्यो । जसका कारण रु पाँच करोडभन्दा बढी लागतको क्षति पुग्यो । हाल तीन वटा टुक्रा भएको किलसेल अलपत्र अवस्थामा छ । क्षतिग्रस्त भएपछि त्यसको मर्मत पनि गरिएको छैन भने अहिले बेवारिसे अवस्थामा राखिएको छ।

यसअघि पनि ५.८ मिटर लम्बाइको किलसेल खरिद गर्दा करिब ६ करोड रुपैयाँ खर्च भएको थियो, पछि सोभन्दा कम मूल्यमा २०.८ मिटरको किलसेल खरिद गरी ल्याउने क्रममा भएको दुर्घटनालाई अस्वभाविक रूपमा हेरिएको छ । यसले उद्योग सञ्चालनमा ठूलो क्षति पुगेको छ।

### अख्तियारमा मुद्दाको चाङ

भ्रष्टाचार र कमजोर व्यवस्थापनमा फसेको उद्योगसम्बन्धी अहिले छ वटा मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ। जसमध्ये दुई वटाको हकमा मुद्दा दायर भइसकेको छ भने चार वटाको अध्ययन भइरहेको छ।

जसमा उद्योगका महाप्रबन्धक समेतले मिलेमतोमा टेण्डर नं. ४४–७ न्यू आयन सप्लायर्स सिद्धार्थनगर रूपन्देहीलाई १० प्रतिशत मौज्दुरमा छुट दिई अनियमितता गरेको भन्ने मुद्दामा अनुसन्धान भइरहेको छ भने तत्कालीन महाप्रबन्धक सुरेन्द्र पौडेल समेतले मिलेमतो गरी विभिन्न अनियमितता गरी उद्योगलाई धरासायी बनाएको उजुरीमा पनि अनुसन्धान भइरहेको छ।

आयोगका अनुसार तत्कालीन महाप्रबन्धक समेत उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा टेण्डर नं. ३१–१÷०७४÷०७५ मा सम्झौतामा तोकिएभन्दा बढी रकम भुक्तानी गरिएको भन्ने समेतमा पनि अनुसन्धान भइरहेको जारी छ। साथै कारखानाका तत्कालीन महाप्रबन्धक समेतले मिलेमतोमा अघिल्ला आवमा खरिद भएका कोइला रिजेक्ट भनी पुनः बिक्री वितरण गरेको भन्ने समेतमा आयोगले अनुसन्धान गरिरहेको छ।

त्यसैगरी आव २०६४÷६५ देखि २०७७ पुस मसान्तसम्म सिमेन्ट उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ, चुनढुङ्गा, क्लिङ्करको खपत बढी उत्पादन कम रहेको मुद्दा र तत्कालीन महाप्रबन्धक समेतले आवश्यकता औचित्यता नभएको प्राविधिक दृष्टिले रीतपूर्वक माग नभएको अवस्थामा खरिद ऐन, विपरीत पेसी भुक्तानी गरेको भन्ने उजुरीमा भने मुद्दा दायर भइसकेको छ।

### पुरानो प्रविधि

उद्योग धराशायी हुनुमा पुरानो प्रविधि र मेसिनरी प्रमुख कारण देखिन्छ । खानी उत्खननदेखि कारखाना सञ्चालनसम्म पुरानै प्रविधिमा निर्भर रहँदा रोप–वे, कोल मिल, नियन्त्रण प्रणालीलगायतका उपकरण समयअनुसार अपग्रेड हुन सकेका छैनन् । आधुनिक प्रविधि नअपनाउँदा उत्पादन लागतसमेत बढेको छ । त्यस्तै, खानी उत्खननको लागत उच्च छ। अझै पुरानो ब्लास्टिङ प्रणालीबाट चुनढुङ्गा निकाल्दा विस्फोटक पदार्थ, सुरक्षा तथा सेना परिचालनका कारण उत्खनन खर्चिलो बनेको छ। आधुनिक उत्खनन प्रविधि अपनाउन नसक्दा ठूलो र गुणस्तरीय खानी हुँदाहुँदै पनि त्यसको लाभ लिन सकिएको छैन।

त्यसैगरी कम उत्पादकत्व पनि उद्योगको अर्को समस्या हो । कारखानाका धैरै उपकरण बढी उत्पादन क्षमताका लागि डिजाइन गरिएका भए पनि वास्तविक उत्पादन त्यसभन्दा कम छ । सामान्य मर्मतसम्भार तथा प्रणाली सुधारबाट उत्पादन बढाउन सकिने अवस्था हुँदाहुँदै त्यसतर्फ पर्याप्त काम हुन सकेको छैन।

कमजोर व्यवस्थापन र जवाफदेहिताका कारण पनि उद्योगले गति लिन सकेको छैन। उद्योगको नियमित अनुगमन कमजोर हुनु, नेतृत्व परिवर्तन भइरहनु तर दीर्घकालीन योजना कार्यान्वयन नहुनु तथा उद्योगको अवस्थाबारे जिम्मेवार निकायबाट पर्याप्त निगरानी र रिपोर्टिङ नहुनु समस्या बनेको छ ।

उद्योगमा राजनीतिक हस्तक्षेप र युनियनबाजीले पनि व्यवस्थापनमा असर पारेको स्रोतको दाबी छ । काम नगर्ने प्रवृत्ति र आन्तरिक दाउपेचले उत्पादनमा असर पुर्याएको बताइएको छ। त्यस्तै, जनशक्ति व्यवस्थापनको समस्या पनि छ । आवश्यकताभन्दा बढी जनशक्ति र उच्च कर्मचारी लागत रहेको, दक्ष तथा अनुभवी प्राविधिक कर्मचारी अवकाश हुँदै जाने तर प्रशासनिक प्रकृतिको जनशक्ति बढी रहने अवस्था रहेको उल्लेख छ। दक्ष जनशक्तिलाई सीपअनुसार परिचालन गर्न नसक्दा पनि उत्पादकत्वमा असर परेको जानकार बताउँछन्। साथै, ऊर्जा लागत पनि पर्याप्त रूपमा नियन्त्रण हुन सकेको छैन । पुराना प्रणाली र ठूला मोटरका कारण विद्युत् खपत उच्च रहेको र ऊर्जा अडिट तथा प्रणाली सुधारमार्फत घटाउन सकिने खर्चमा पनि पर्याप्त ध्यान नदिइएको देखिन्छ।

त्यसैगरी व्यावसायिक बजार रणनीतिको अभावले पनि उद्योगलाई कमजोर बनाएको छ। उच्च गुणस्तरको चुनढुंगा र क्लिङ्कर हुँदाहुँदै क्लिङ्कर बिक्री, ब्लक सिमेन्ट तथा पिपिसी जस्ता सम्भावित बजारको पर्याप्त उपयोग हुन सकेको छैन।

### खानी हत्याउने प्रयास

उदयपुर सिमेन्ट उद्योगको सबैभन्दा ठूलो शक्तिका रूपमा यसको खानीलाई लिइन्छ । जिल्लाको उत्तरी भेगमा पर्ने सुकौरा (सिन्धुवा) मा अवस्थित यो खानी उद्योग स्थल त्रियुगा नगरपालिका–६, जलजलेबाट करिब २७ किलोमिटर उत्तरमा पर्छ। जापान सरकारले गरेको अध्ययनअनुसार खानीमा करिब सात करोड ३५ लाख मेट्रिक टन चुनढुंगा उत्पादनयोग्य क्षमता छ । जसमध्ये हालसम्म ४० लाख मेट्रिक टन मात्रै उत्खनन् गरिएको छ । अहिले अर्थात् ठूलो हिस्सा अझै उपयोग हुन बाँकी छ।

यो खानी किन पनि महत्त्वपूर्ण छ भने यसमा पाइने चुनढुङ्गा नेपालमै सबैभन्दा राम्रो भएको जानकारहरू दाबी गर्छन् । यस चुनढुङ्गामा एमजीओ औसत १.५ प्रतिशत छ । एमजिओ जति कम भयो त्यति सिमेन्टका लागि राम्रो मानिन्छ। जबकी सिमेन्टमा प्रयोग हुने एमजीओ ५ प्रतिशतसम्मलाई स्वीकार गरिन्छ।

नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक कुमारी ज्योति जोशीका अनुसार नेपालमा रहेका सिमेन्टका गुणस्तरमा ओपिसी (३३ ग्रेड), ओपिसी ४३ र ५३ ग्रेडका लागि अधिकतम पाँच प्रतिशत एमजिओ निर्धारण गरिएको छ भने पिपिसी सिमेन्टका लागि ६ प्रतिशत एमजिओको मापदण्ड निर्धारण गरिएको छ।

नेपालमा सञ्चालित अधिकांश सिमेन्ट कम्पनीलाई यो मापदण्ड पूरा धौधौ भइरहेको छ। खानीमा पाइने चुनढुङ्गामा क्याल्सियम अक्साइड ५२ प्रतिशतभन्दा बढी छ । जबकी नेपाल अन्य खानीमा औसतमा ४४–४८ प्रतिशतको हाराहारीमा क्याल्सियम अक्साइड भएको चुनढुङ्गा पाइन्छ।

गुणस्तरीय चुनढुङ्गा भएकाले सिमेन्ट उत्पादनका लागि ८२ प्रतिशत मात्रै चुनढुङ्गा भए पुग्छ । अन्य खानीमा पाइने चुनढुङ्गाको हकमा ९० प्रतिशतसम्म प्रयोग गर्नुपर्ने अवस्था छ । उद्योगले सिमेन्ट उत्पादनमा तीन प्रतिशत सिलिका स्यान्ड, रातो माटो १३ प्रतिशत र दुई प्रतिशत आइरन प्रयोग गर्छ । अहिले उद्योगले आइरनबाहेक अन्य कच्चा पदार्थ आयात गर्नुपर्दैन।

गुणस्तरीय चुनढुङ्गा पाइने यही खानीको लाइसेन्स खानी तथा भूगर्भ विभागले २०८१ असोजमा खारेज गरिदियो। सरकारी उद्योगले रु ७४ लाख राजस्व नबुझाएको कारण विभागले देखायो । यसका पछाडि विभिन्न स्वार्थ समूह लागेको जानकार बताउँछन् । उक्त उद्योगबारे अध्ययन गरिरहेका एक जानकारका अनुसार सकेसम्म खानीको लाइसेन्स आफूले लिने नभए उक्त खानीबाट उत्खनन गरिएका चुनढुङ्गा भए पनि लिने प्रयास पटक पटक भएका छन्। सोही कारण पटक पटक बन्द हुने, समयमै आपूर्ती नहुने समस्या आएको हो।

तर वर्तमान सरकार गठन भएपछि १०० दिनभित्रै विभागलाई बुझाउनुपर्ने राजस्व दाखिला गरी लाइसेन्स नवीकरण भइसकेको छ । यसबाट खानीको स्वामित्व अन्य कम्पनीलाई दिने चलखेलमा ब्रेक लाग्यो। वर्तमान सरकारले अब उदयपुर सिमेन्ट उद्योगमा महाप्रबन्धकको नियुक्त गरी उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने तयारी गरिरहेको छ । हाल उद्योगको उत्पादन क्षमता दैनिक ८०० मेट्रिक टन रहेको छ।

# पुराना नेपाली चलचित्रमा दर्शकको आकर्षण



–जीवन पराजुली÷रासस

अत्याधुनिक मल्टिप्लेक्स र डिजिटल स्ट्रिमिङ (ओटीटी) प्लेटफर्मको दबदबा रहेको वर्तमान समयमा, दशकौं पुराना नेपाली चलचित्र हेर्न दर्शकको घुइँचो लाग्ला ? धैरैका लागि यो प्रश्नको उत्तर ‘सायद अहँ, हुन्न’ भन्ने हुन सक्थ्यो। तर, नेपाल सरकार, चलचित्र विकास बोर्डले आयोजना गरेको ऐतिहासिक चलचित्र प्रदर्शन श्रृंखला ‘ओल्ड इज गोल्ड’ले यसको जवाफ हाउसफुल हल, भुइँमै बसेर चलचित्र हेरिरहेका दर्शक र उनीहरूको अभूतपूर्व उपस्थितिमार्फत दिएको छ । बुधबार ‘जीवनरेखा’ र ‘बदलिँदो आकाश’को प्रदर्शनसँगै सम्पन्न भएको सात दिने यस श्रृंखलाले नेपाली चलचित्रको इतिहासलाई केवल अभिलेख र रिलमा मात्र सीमित नराखी दर्शकसम्म पुर्याउने सरकारी प्रयासको सफल परीक्षण गरेको छ।

### ठूलो पर्दासम्मको यात्रा

विगत आठ–दस वर्षअघि नै पुराना नेपाली चलचित्रहरूलाई विद्युतीय रूपान्तरण (डिजिटाइज) गर्ने कार्य सुरु भइसकेको थियो। तर, ती अमूल्य सिर्जनाहरूले उचित निकास नपाउँदा अनुसन्धानकर्ता, चलचित्रका विद्यार्थी र आम दर्शकको पहुँचभन्दा बाहिर थिए।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीका अनुसार विद्युतीय रूपान्तरण गरिएका ती चलचित्रहरूको उपयोगिता हुन नसक्नु मुख्य चुनौती थियो । ‘कलेजका विद्यार्थी र अनुसन्धानकर्ताहरूले हेर्न चाहन्थे तर पाइरहेका थिएनन्। विभिन्न फाउन्डेसनले च्यारिटी गर्छौं भन्दा पनि उपलब्ध गराउन सकिएको थिएन, किनकि यसको व्यवस्थित निकास गरिएको थिएन, ‘अध्यक्ष डीसीले राससँग भने, ‘पछिल्लो महिना हामीले केन्द्रीय चलचित्र जाँच पास समितिबाट यी चलचित्रलाई औपचारिक रूपमा जाँच पास गराई ‘युनिभर्सल सर्टिफिकेट’ लियौँ । त्यसपछि बल्ल एउटा महोत्सवको रूपमा पुराना चलचित्रहरू प्रदर्शनमा ल्याएका हौँ ।’ यही सरकारी पहलकदमीका कारण नेपालको पहिलो चलचित्र ‘आमा’ सहित ‘सिन्दूर’, ‘परिवर्तन’, ‘के घर के डेरा’, ‘मनको बाँध’, ‘कुमारी’, ‘शान्तिदीप’, ‘हिजो आज भोलि’, ‘बदलिँदो आकाश’ र ‘जीवनरेखा’ जस्ता नेपाली चलचित्र इतिहासका मानक कृतिहरूले पुनः ठूलो पर्दामा पुनर्जीवन पाएका हुन्।

### दर्शकको उत्साह

‘ओल्ड इज गोल्ड’को सबैभन्दा सबल पक्ष भनेको दर्शकको उत्साहजनक सहभागिता रह्यो । पहिलो दिनको भीडलाई धैरैले केवल ‘उत्सुकता’ माने पनि दोस्रो दिन प्रदर्शन भएका ‘सिन्दूर’ र ‘परिवर्तन’का सबै शो हाउसफुल भए । त्यसपछिका दिनमा पनि यो क्रम निरन्तर रह्यो। अध्यक्ष डीसी दर्शकको यो स्तरको प्रतिक्रियाबाट आफू हर्षित भएको बताउनुहुन्छ । ‘कुनै दिन त दर्शकहरू हलको भुइँ र सिँढीमै बसेर पनि चलचित्र हेरे । बाल्यकालमा हेरेका वा चर्चा मात्र सुनेका चलचित्र हेर्नकै लागि कतिपय दर्शकले कार्यालयबाट बिदासमेत लिएर आएको पायौँ,’ उनले भने।

### कस्ता दर्शकको सहभागिता रह्यो ?

यस ऐतिहासिक चलचित्र प्रदर्शनमा विविध वर्गका दर्शकहरूको उल्लेखनीय सहभागिता रह्यो । विशेषगरी नेपाली सिनेमाको प्राविधिक र कथागत विकासक्रम बुझ्न चाहने चलचित्रका विद्यार्थी तथा अनुसन्धानकर्ताहरूको उपस्थिति त्यहाँ बाक्लो देखिन्थ्यो । यसका साथै, आफ्नो बाल्यकाल र युवावस्थाको स्मृति ताजा गर्न पुराना पुस्ताका दर्शकहरू सपरिवार हलमा आइपुगेका थिए भने पुराना चलचित्रकर्मीहरू पनि आफ्नै दशकौँ पुराना सिर्जनाहरू दर्शकसँगै बसेर हेर्न उपस्थित थिए।

### सांस्कृतिक सम्बन्धको जीवित चित्र

यो श्रृंखला केवल चलचित्र प्रदर्शनमा मात्र सीमित रहेन, नेपाली चलचित्रको इतिहास, वर्तमान र भविष्यलाई जोड्ने एउटा महत्त्वपूर्ण सेतु बन्यो। भुवन चन्द, चैत्यदेवी सिंह, वसुन्धरा भुसाल र विमला श्रेष्ठजस्ता अग्रज कलाकारहरूले दीप प्रज्वलन गरी सुरु गरेको कार्यक्रमको समापन अझै अर्थपूर्ण रह्यो।

समापनका दिन वरिष्ठ कलाकारहरूले नयाँ पुस्ताका चलचित्रकर्मीलाई खादा लगाएर आशीर्वाद दिनुभएको थियो । प्रथम अभिनेत्री भुवन चन्दले अभिनेत्री सिम्रन खड्कालाई, शिव श्रेष्ठले अरुण क्षेत्रीलाई, निर्देशक लक्ष्मीनाथ शर्माले डा. कपिल रिजाललाई र सन्तोष पन्तले वितरक करण श्रेष्ठलाई खादा लगाइदिंदा नेपाली सिनेमाको साँचो पुस्तान्तरणको दृश्य मञ्चमा कोरिएको थियो।

### कार्यविधि निर्माण र निरन्तरता

‘ओल्ड इज गोल्ड’को सफलतासँगै सरकार र चलचित्र विकास बोर्डमाथि यी ऐतिहासिक सम्पत्तिहरूको व्यवस्थापन र वितरणको दबाब बढेको छ। स्वदेशबाट मात्र होइन, अन्तर्राष्ट्रिय स्तरबाट समेत यी चलचित्र प्रदर्शनको माग आउन थालेको छ । ‘हङकङबाट च्यारिटी शोका लागि यी १० वटै चलचित्र प्रदर्शन गर्न माग आएको छ भने युट्युब च्यानलहरूले पनि माग गरिरहेका छन्,’ अध्यक्ष डीसीले भने, ‘तर यो सरकारी सम्पत्ति भएकाले सजिलै दिन सकिने अवस्था छैन। यसको वितरण र प्रदर्शनका लागि आवश्यक प्रक्रिया र कार्यविधिहरू बनाउनुपर्ने हुन्छ, जसमा हामी काम गर्दैछौँ।’

यदि यी चलचित्रहरू युट्युब वा सामाजिक सञ्जालमा सहजै उपलब्ध भइदिएको भए हलमा यस्तो उत्साहजनक प्रतिक्रिया नआउने बोर्डको निष्कर्ष छ । पुराना चलचित्रको वास्तविक संरक्षण भनेको तिनलाई रिल वा हार्डड्राइभमा थन्क्याउनु मात्र होइन, दर्शकको पहुँचमा पुर्याउनु हो भन्ने तथ्य यसले प्रमाणित गरेको छ। उद्घाटनकै दिन अध्यक्ष डीसीले हरेक महिना पुराना चलचित्रको विशेष शो आयोजना गर्ने र त्यसबाट प्राप्त रकम ‘चलचित्र कल्याणकारी कोष’मा जम्मा गर्ने घोषणा गर्नुभएको थियो। सात दिनको दर्शक सहभागिताले उक्त सरकारी योजनालाई दरिलो आधार र हौसला प्रदान गरेको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# वीरगंजमा भरततालजस्तै ताल बनाउन पर्यटनमन्त्रीसँग आग्रह



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा पर्यटकीय गतिविधि विस्तार गर्न सर्लाहीको भरततालजस्तै 'मानव निर्मित पर्यटकीय ताल' निर्माण गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साका सभापति एवं पर्सा–१ का सांसद हरि पन्तले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री गणेश पौडेलसमक्ष प्रस्ताव राखेका छन् । शनिबार वीरगंजस्थित क्लासिक ब्यांक्वेटमा स्थानीय नेता तथा कार्यकर्तासँग आयोजित भेटघाट कार्यक्रममा सांसद पन्तले वीरगंजमा नयाँ पर्यटकीय गन्तव्य विकास गर्न मानव निर्मित ताल निर्माणको प्रस्ताव अघि सारेका हुन् ।

पन्तले वीरगंजमा पर्यटकीय पूर्वाधारको अभावका कारण पर्याप्त सम्भावना हुँदाहुँदै पनि पर्यटन गतिविधि विस्तार हुन नसकेको भन्दै संघीय सरकारको लगानीमा आकर्षक पर्यटकीय ताल निर्माण गर्न मन्त्री पौडेलसँग आग्रह गरे । सांसद पन्तको प्रस्तावलाई सकारात्मक रूपमा लिँदै मन्त्री पौडेलले 'ताल निर्माणका लागि आवश्यक जग्गा स्थानीय सरकारले उपलब्ध गराउन सके संघीय सरकारले बजेट विनियोजन गर्न सक्ने' प्रतिबद्धता जनाएका छन् ।

मन्त्री पौडेलले वीरगंजमा पर्यटकीय पूर्वाधार निर्माणका लागि संघीय सरकार सहयोग गर्न तयार रहेको बताउँदै त्यसका लागि स्थानीय तहले आवश्यक जग्गा व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । उनका अनुसार सरकारले अहिले मधेस प्रदेशमा पर्यटनको सम्भावना विस्तार गर्ने उद्देश्यले प्रदेशका पर्यटकीय क्षेत्र तथा नयाँ गन्तव्यहरूको पहिचान गरिरहेको छ ।

मधेशको पर्यटन विकासमा सरकारको चासो मन्त्री पौडेलले मधेश प्रदेशको पर्यटन सम्भावनालाई नयाँ ढंगबाट उपयोग गर्न सरकार केन्द्रित रहेको बताए । मधेशमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय स्थलको पहिचान गरी पर्यटनको नयाँ आधार तयार पार्ने काम अघि बढिरहेको उनको भनाइ थियो । मन्त्री पौडेलले पर्सा राष्ट्रिय निकुञ्ज, गढीमाई मन्दिर र सिम्रौनगढलगायतका क्षेत्रको भ्रमणसमेत गरेका छन् । मधेशको पर्यटन सम्भावनाको स्थलगत अध्ययन र स्थानीय सरोकारवालासँगको छलफललाई प्राथमिकता दिँदै उनले विभिन्न क्षेत्रको भ्रमण गरेका हुन् ।

वीरगंजमा स्थानीय नेता तथा कार्यकर्तासँगको भेटघाटपछि मन्त्री पौडेलले वीरगंज उद्योग वाणिज्य संघमा स्थानीय उद्योगी–व्यवसायीसँग समेत पर्यटन प्रवर्द्धनका विषयमा अन्तरक्रिया गरेका थिए । उद्योगी–व्यवसायीसँगको छलफलमा वीरगंज तथा पर्साको पर्यटन क्षेत्रलाई आर्थिक गतिविधिसँग जोड्ने, नयाँ पर्यटकीय गन्तव्य विकास गर्ने तथा स्थानीय व्यवसायलाई पर्यटनबाट प्रत्यक्ष लाभ पुऱ्याउने विषयमा छलफल भएको थियो ।

- **'जग्गा स्थानीय सरकारले देओस्, बजेट संघले दिन्छ'**

वीरगंजमा मानव निर्मित ताल निर्माण गर्ने सांसद पन्तको प्रस्तावले स्थानीय तह र संघीय सरकारबीच सहकार्यको सम्भावनासमेत देखाएको छ । भरततालको उदाहरण दिँदै वीरगंजमा पनि योजनाबद्ध रूपमा ठूलो पर्यटकीय ताल निर्माण गर्न सके स्थानीयस्तरमा आन्तरिक पर्यटक आकर्षित गर्नुका साथै रोजगारी र व्यापारिक गतिविधि बढाउन सकिने पन्तको धारणा छ ।

ताल निर्माणका लागि आवश्यक जग्गा स्थानीय सरकारले उपलब्ध गराए संघीय सरकारबाट बजेटको व्यवस्था गर्न सकिने मन्त्री पौडेलको भनाइले प्रस्तावलाई अघि बढाउने बाटो खुलेको छ । वीरगंजमा निर्माण हुने यस्तो पर्यटकीय पूर्वाधारले केवल घुमफिरको गन्तव्य थप्ने मात्र नभई होटल, रेस्टुरेन्ट, यातायात, मनोरञ्जन तथा अन्य सेवा व्यवसायलाई समेत चलायमान बनाउन सक्ने अपेक्षा गरिएको छ ।

- **पर्यटनलाई वीरगंजको आर्थिक गतिविधिसँग जोड्ने प्रयास**

वीरगंज औद्योगिक तथा व्यापारिक केन्द्रका रूपमा परिचित भएपनि पर्यटनका दृष्टिले पर्याप्त पूर्वाधार विकास हुन नसकेको गुनासो रहँदै आएको छ । यही अवस्थालाई परिवर्तन गर्न नयाँ पर्यटकीय गन्तव्य निर्माण गर्नुपर्ने आवश्यकता सांसद पन्तले औंल्याएका छन् । मानव निर्मित ताल निर्माणको प्रस्ताव कार्यान्वयन भए वीरगंजमा स्थानीय तथा बाह्य पर्यटक आकर्षित गर्ने नयाँ केन्द्र बन्न सक्ने अपेक्षा गरिएको छ । त्यसका लागि सम्भावित स्थानको पहिचान, जग्गाको उपलब्धता, वातावरणीय अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तथा लगानीको खाका तयार गर्नुपर्ने हुन्छ । हाल भने मन्त्री पौडेलले स्थानीय सरकारले आवश्यक जग्गा उपलब्ध गराए संघीय सरकारले बजेट विनियोजन गर्न सक्ने प्रारम्भिक प्रतिबद्धता व्यक्त गरेका छन् ।

- **नेतादेखि उद्योगीसम्मसँग छलफल**

क्लासिक ब्यांक्वेटमा भएको भेटघाट कार्यक्रम रास्वपा पर्साका सभापति हरि पन्तको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा रास्वपा मधेस प्रदेशका सभापति तपेश्वर यादव, बाराका सांसदहरू गणेश धिमाल, अरविन्द साह, चन्दन सिंहलगायतका नेता तथा कार्यकर्ताको उपस्थिति थियो । त्यस्तै वीरगंज उद्योग वाणिज्य संघमा भएको पर्यटनसम्बन्धी अन्तरक्रिया कार्यक्रम संघका अध्यक्ष हरि गौतमको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा स्थानीय उद्योगी तथा व्यवसायीहरूको सहभागिता रहेको थियो ।

मन्त्री पौडेलको पर्सा भ्रमणका क्रममा भएका छलफल र सांसद पन्तले अघि सारेको 'वीरगंजमा भरततालजस्तै मानव निर्मित ताल निर्माण गर्ने प्रस्ताव'ले अब स्थानीय तहले आवश्यक जग्गा पहिचान र व्यवस्थापन गर्नुपर्ने विषयलाई केन्द्रमा ल्याएको छ । स्थानीय सरकारले जग्गा उपलब्ध गराउन सके संघीय सरकारले बजेट व्यवस्थापन गर्ने मन्त्रीको प्रतिबद्धता आएपछि अब प्रस्ताव कागजमै सीमित रहन्छ वा व्यवहारमै अघि बढ्छ भन्ने विषय स्थानीय सरकारको पहल र आगामी बजेट प्रक्रियामा निर्भर हुनेछ ।

'वीरगंजलाई औद्योगिक सहरको पहिचानसँगै पर्यटकीय गन्तव्यका रूपमा समेत स्थापित गर्ने लक्ष्यसहित अघि सारिएको मानव निर्मित तालको प्रस्ताव कार्यान्वयन भए वीरगंजको पर्यटन नक्सामा नयाँ अध्याय थपिन सक्नेछ ।'

# मिथिलाञ्चलमा सुरु भयो झुलोनोत्सव, जनकपुरधामका मठमन्दिरमा विशेष रौनक

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिथिलाञ्चलमा धार्मिक तथा सांस्कृतिक पर्व झुलनोत्सव शनिबा।देखि सुरु भएको छ । साउन शुक्ल तृतीयादेखि सुरु हुने झुलनोत्सव पूर्णिमासम्म मनाउने गरिन्छ । पर्व सुरु भएसँगै जनकपुरधामका मठमन्दिरमा झुला सजाउने र भगवान् सीताराम तथा राधाकृष्णलाई झुलाउने क्रम सुरु भएको छ । यस अघि शनिबार जनकपुरधामस्थित राम मन्दिर, जानकी मन्दिर लगायतका मन्दिरहरुबाट भगवान सीतारामको प्रतिमा रथमै राखेर रंगभूमि मैदान १२ बिघामा जम्मा भएको थियो । त्यस लगत्तै झुलनोत्सवका अवसरमा मिथिलाका मठमन्दिरमा विशेष सिंहासन निर्माण गरी आकर्षक रूपमा सजाइएको गद्दीमा भगवान् राम–सीतासहित विभिन्न देवीदेवताका मूर्ति राखेर झुलाउने परम्परा शुरु हुन्छ ।

मिथिलाञ्चलका अधिकांश मठमन्दिरमा झुलनोत्सव मनाइए पनि जनकपुरधामका मन्दिरहरूमा यसको विशेष रौनक देखिन्छ । जानकी मन्दिरसहित विभिन्न मठमन्दिरमा आकर्षक झुला तथा सिंहासन तयार पारेर सजाइएको छ । साँझदेखि भगवान् सीताराम तथा राधाकृष्णका मूर्तिलाई झुलामा राखेर भजन–कीर्तनसहित पूजा आराधना गर्ने गरिन्छ ।

झुलनोत्सव धार्मिक अनुष्ठानमा मात्र सीमित नभई मिथिलाको लोकसंस्कृति र मनोरञ्जनसँग समेत जोडिएको छ । उत्सव अवधिभर विभिन्न मठमन्दिरमा नाटक, नाचगान, भजन–कीर्तन तथा लोककथा वाचनलगायतका सांस्कृतिक कार्यक्रम आयोजना हुने गर्छन् । भगवान् राम–जानकी तथा राधाकृष्णलाई झुलामा राखेर पूजा गर्ने परम्पराले भक्तजनलाई धार्मिक अनुभूति दिलाउने गरेको छ भने मठमन्दिरमा आयोजना हुने सांस्कृतिक गतिविधिले पर्वलाई थप आकर्षक बनाउने गरेको छ ।

साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म चल्ने झुलोनोत्सव अवधिभर जनकपुरधामका मठमन्दिरमा भक्तजनको चहलपहल बढ्ने गर्छ । मिथिलाको धार्मिक आस्था, सन्त परम्परा र लोकसंस्कृतिको संगमका रूपमा रहेको झुलोनोत्सवले जनकपुरधामको सांस्कृतिक पहिचानलाई समेत जीवन्त बनाउँदै आएको छ ।

# एन्टिबायोटिकको जथाभावी प्रयोग नियन्त्रण गर्न सचेतना अभियान

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा एन्टिबायोटिक औषधिको जथाभावी प्रयोग नियन्त्रण गर्न बृहत् सचेतना अभियान सुरु गरिएको छ । चिकित्सक तथा स्वास्थ्य क्षेत्रका अभियन्ताहरूले एन्टिबायोटिकको अनियन्त्रित प्रयोग बढ्दै गए सामान्य संक्रमणको उपचारसमेत चुनौतीपूर्ण बन्न सक्ने चेतावनी दिएका छन् । कल्किजम रिसर्च एन्ड ट्रेनिङ सेन्टर, काठमाडौंले करिब एक वर्षअघि छलफल, गोष्ठी तथा प्रशिक्षणमार्फत सुरु गरेको अभियानलाई मधेश प्रदेश सरकार, चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसम्बन्धी विभिन्न संघसंस्थाको सहभागितासँगै प्रदेशव्यापी बनाइएको हो ।

जनकपुरधाममा आयोजित अभियानसम्बन्धी कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले एन्टिबायोटिकको सही र जिम्मेवार प्रयोगबारे नागरिकमा चेतना फैलाउन सरकार, चिकित्सक, स्वास्थ्यकर्मी र नागरिक समाजबीच सहकार्य आवश्यक रहेको बताए । चिकित्सकहरूका अनुसार चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक सेवन गर्ने, तोकिएको मात्रा र अवधि पूरा नगर्ने तथा आवश्यकताभन्दा बढी प्रयोग गर्ने प्रवृत्तिका कारण एन्टिबायोटिक रेसिस्टेन्स अर्थात् औषधि प्रतिरोधी क्षमता बढ्दै गएको छ । यस्तो अवस्था निरन्तर रहे भविष्यमा सामान्य संक्रमणमा प्रयोग हुने औषधिसमेत प्रभावहीन हुन सक्ने उनीहरूको भनाइ छ ।

'रोज कुरा गर्नु, डाक्टरले भनेको डोज पूरा गर्नु' भन्ने नाराका साथ अघि बढाइएको अभियानमा मधेश प्रदेशका चिकित्सक, मेडिकल कलेजका विद्यार्थी, स्वास्थ्यकर्मी, प्रदेश सरकारका मन्त्री, स्वास्थ्य अभियन्ता तथा विभिन्न क्षेत्रका अगुवाहरू सहभागी भएका छन् । अभियानमार्फत चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक प्रयोग नगर्न, चिकित्सकले तोकेको मात्रा र अवधि पूरा गर्न तथा अनावश्यक रूपमा एन्टिबायोटिक सेवन नगर्न सर्वसाधारणलाई आग्रह गरिएको छ ।

स्वास्थ्य विज्ञहरूले एन्टिबायोटिकलाई सामान्य औषधिका रूपमा प्रयोग गर्ने प्रवृत्ति रोक्न सके मात्र यसको प्रभावकारिता दीर्घकालसम्म कायम राख्न सकिने भन्दै औषधिको प्रयोगमा नागरिकस्तरबाटै जिम्मेवारी अपनाउनुपर्नेमा जोड दिएका छन् ।

## नवविवाहिताका लागि संस्कार,
# शिक्षा र मनोरञ्जनको पर्व 'मधुश्रावणी'

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिथिलाको विशिष्ट लोकपर्व मधुश्रावणी शनिबार विधिपूर्वक सम्पन्न भएको छ । साउन कृष्णपक्षको पञ्चमीबाट सुरु भएको पर्व साउन शुक्लपक्षको तृतीयाका दिन सम्पन्न भएको हो । यस अवधिमा मिथिलाका नवविवाहित महिलाले माता गौरी, महादेव तथा नागदेवता विषहराको पूजा आराधना गर्दै विभिन्न धार्मिक तथा सांस्कृतिक विधि पूरा गरे । मधुश्रावणी मिथिलाको मौलिक लोकपरम्परासँग जोडिएको पर्व हो । विशेषगरी नवविवाहिताले माइतीमा मनाउने यो पर्वमा उनीहरूसँगै परिवार तथा छरछिमेकका महिलाहरूको पनि सहभागिता रहने गर्छ । पूजा, कथा वाचन, लोकगीत, फूल टिप्ने परम्परा र विभिन्न विधिले पर्वलाई धार्मिकसँगै सांस्कृतिक तथा सामाजिक महत्वको बनाएको छ । पर्वको सुरुवातसँगै नवविवाहिताले स्नान गरी चोखो भएर पूजा गर्ने स्थानमा विशेष अरिपन बनाउने र त्यसमा नागदेवताका आकृति स्थापना गर्ने परम्परा छ । त्यसपछि माता गौरी र महादेवको विधिपूर्वक पूजा गर्दै प्रत्येक दिन निर्धारित कथा सुन्ने गरिन्छ । पूजा अवधिभर गोसाउनि गीत, गौरीगीत, शिवनचारी, महेशवाणी र कोहबरलगायतका मैथिली लोकगीत गाइन्छन् । मधुश्रावणीको अर्को आकर्षण फूललोढी हो । पर्व सुरु हुनुअघि नवविवाहितासहित महिलाहरू समूहमा फूल टिप्न जाने गर्छन् । लोकगीत गाउँदै र रमाइलो गर्दै फूल टिप्ने यो परम्पराले महिलाहरूलाई एकआपसमा घुलमिल हुने र सामूहिक रूपमा समय बिताउने अवसरसमेत प्रदान गर्छ ।

पर्वका क्रममा माता गौरीलाई बेसारबाट तयार पारिएको प्रतिक बनाएर पूजा गर्ने गरिन्छ । महादेवसँगै नागदेवता विषहराको समेत विशेष पूजा गरिन्छ । नागलाई महादेवको सन्ततिका रूपमा मानिने भएकाले विषहराको पूजा गरे सर्पको भयबाट मुक्ति मिल्ने धार्मिक विश्वास मिथिला समाजमा रहँदै आएको छ ।

मधुश्रावणीमा हरेक दिन फरक–फरक धार्मिक तथा लोककथा सुनाउने परम्परा छ । मैना पञ्चमी, विषहरी, बिहुला, मनसा, मंगला गौरी, पृथ्वी जन्म, समुद्र मन्थन तथा सतीका कथालगायतका प्रसङ्ग व्रतालु महिलालाई सुनाइन्छ । यी कथामा धार्मिक आस्था मात्र नभई दाम्पत्य जीवन, पारिवारिक सम्बन्ध, कर्तव्य, सहिष्णुता, सहयोग र सामाजिक व्यवहारका विषयसमेत समेटिएका हुन्छन् ।



संस्कृतिविद् रमेशरञ्जन झाका अनुसार मधुश्रावणी मनोरञ्जन र धार्मिक आस्थाको पर्व मात्र नभई जीवनोपयोगी शिक्षा दिने परम्परा पनि हो । पर्वका कथामार्फत नवविवाहितालाई गृहस्थ जीवन, पारिवारिक जिम्मेवारी, दाम्पत्य सम्बन्ध र सामाजिक व्यवहारबारे अप्रत्यक्ष रूपमा ज्ञान दिने गरिएको उनको भनाइ छ । 'परम्परागत मिथिला समाजमा विवाहपश्चात् नवविवाहितालाई प्रौढ महिलाहरूले कथाका माध्यमबाट जीवनका गम्भीर तथा आवश्यक पक्षबारे ज्ञान दिने परम्परा थियो,' झा भन्छन्, 'यस अर्थमा मधुश्रावणी महिलालाई मानसिक र सामाजिक रूपमा गृहस्थ जीवनका लागि तयार पार्ने मौलिक माध्यमसमेत हो ।'

मधुश्रावणी नवविवाहिताका लागि एकअर्कासँग नजिक हुने अवसर पनि बन्दै आएको छ । जनकपुरधामकी नवविवाहिता पूजा झाका अनुसार व्यस्त दैनिकीका कारण एकै ठाउँमा भएर पनि कुराकानी गर्न नपाउने महिलालाई पर्वले सामूहिक रूपमा समय बिताउने अवसर दिन्छ । फूललोढीका क्रममा साथीसँगै लोकगीत गाउँदै फूल टिप्न जाने, पूजा गर्ने र कथा सुन्ने गतिविधिले पर्वमा मनोरञ्जनको वातावरणसमेत सिर्जना गर्ने नवविवाहिताहरू बताउँछन् । साथै, यसबाट मैथिली संस्कार र परम्पराका विभिन्न विधिबारे सिक्ने अवसर मिल्ने उनीहरूको अनुभव छ ।

पर्वको अन्तिम दिन विशेष विधिका साथ पूजा सम्पन्न गरी १३ दिनसम्म एकत्रित गरिएका फूल अर्थात् निर्माल विसर्जन गर्ने गरिन्छ । त्यसअघि नवविवाहिताले गौरीको नैवेद्य तयार पार्ने तथा परम्पराअनुसार टेमी विधिमा सहभागी हुने चलन छ । टेमी विधिमा दियोको टुप्पीले नवविवाहिताको देब्रे गोडामा प्रतीकात्मक रूपमा स्पर्श गराइन्छ र त्यस स्थानमा चन्दनको लेप लगाउने गरिन्छ । गर्भवती महिलाका लागि भने शीतल टेमी दिने परम्परा रहेको छ । मधुश्रावणीको विधि र परम्परामा जाति तथा स्थानअनुसार केही भिन्नता पनि पाइन्छ । मिथिला क्षेत्रमा मुख्यतः ब्राह्मण, कायस्थ, भूमिहार र सोनार समुदायमा यो पर्व विशेष रूपमा मनाइन्छ । कतिपय समुदायमा पर्व अवधिभर माइती तथा ससुरालीबाट आएका सामग्री प्रयोग गर्ने र खानपानसम्बन्धी छुट्टाछुट्टै परम्परा रहेको पाइन्छ ।

मधुश्रावणीको धार्मिक पक्ष माता गौरी र महादेवसँग जोडिएको छ । मिथिला समाजमा माता गौरीलाई अखण्ड सौभाग्य र दाम्पत्य सुख प्रदान गर्ने देवीका रूपमा पूजा गर्ने गरिन्छ । जनकपुरधामसँग जोडिएको धार्मिक विश्वासअनुसार सीताले समेत गौरीको पूजा गरेकी थिइन् । गौरी पूजाका क्रममा फूल टिप्ने क्रममा सीताको भगवान् रामसँग पहिलो भेट भएको प्रसङ्ग रामायणसँग जोडेर सुनाउने गरिन्छ । त्यस्तै, नागदेवता विषहराको पूजा पनि पर्वको महत्वपूर्ण पक्ष हो । लोककथाअनुसार भगवान् शिवसँग सम्बन्धित सर्परूपी सन्तानको कथाबाट विषहराको पूजा परम्परा सुरु भएको विश्वास गरिन्छ । साउन महिनामा नागको पूजा गर्ने व्यक्तिलाई सर्पको भय नहुने वरदान शिवले दिएको कथनसँग मधुश्रावणीमा विषहराको पूजा जोडिएको पाइन्छ । मधुश्रावणीको सुरुवातबारे विभिन्न धार्मिक आख्यान पाइन्छन् । शिवपुराणसँग जोडिएको एक प्रसङ्गमा मधुश्रावणी नामकी नवविवाहिताले आफ्ना पति कुष्ठरोगबाट पीडित भएपछि भगवान् शिवसँग दुःख व्यक्त गरेको र शिवकै सुझावअनुसार व्रत गरेपछि उनका पति निको भएको कथा सुनाइन्छ । त्यसै समयदेखि नवविवाहिताले पतिको दीर्घायु तथा दाम्पत्य सुखको कामनासहित यो व्रत गर्दै आएको जनविश्वास छ ।

समयसँगै मधुश्रावणीको स्वरूपमा केही परिवर्तन आए पनि यसको मूल सांस्कृतिक भावना भने मिथिला समाजमा अझै जीवित छ । धार्मिक अनुष्ठानसँगै लोकगीत, कथा, सामूहिक सहभागिता र पारिवारिक सम्बन्धलाई जोड्ने भएकाले यो पर्व मिथिलाको सांस्कृतिक पहिचानको महत्वपूर्ण हिस्सा बनेको छ ।

शनिबार पर्व सम्पन्न भएसँगै यस वर्षको मधुश्रावणी पनि विधिवत् रूपमा टुंगिएको छ । तर केही दिनका लागि माइतीमा भेला भएका नवविवाहिता र महिलाहरूबीच सिर्जना भएको आत्मीयता, पुस्तान्तरण हुँदै आएको लोकपरम्परा र कथामार्फत दिइने जीवनोपयोगी शिक्षाले मधुश्रावणीलाई केवल एउटा धार्मिक पर्वभन्दा माथि उठाएर मिथिलाको जीवनशैली र सांस्कृतिक स्मृतिसँग जोडिएको पर्वका रूपमा स्थापित गरेको छ ।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


### अदालतको रोक आदेशबीच पनि

# वीरगंजमा सडक विस्तार जारी, रोकिएन डोजर

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडकलाई दायाँ–बायाँ २५/२५ मिटर विस्तार गर्ने अभियान अदालतको अल्पकालीन रोक आदेशकै बीच शनिबार पनि जारी रह्यो । उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले भदौ ४ गतेसम्म सडक विस्तारसम्बन्धी काम अघि नबढाउन आदेश दिएको भए पनि सडक डिभिजन कार्यालय हेटौंडाले उक्त आदेशको आधिकारिक जानकारी प्राप्त नभएको जनाउँदै संरचना हटाउने काम निरन्तरता दिएको हो।

शुक्रबार उच्च अदालतका न्यायाधीश निर्मला पौडेल भट्टराईको एकल इजलासले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (एनटीसी)का तर्फबाट संगिता अर्याल पहाडीले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै वीरगंजमा भइरहेको सडक विस्तार तत्काल रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । अदालतले भदौ ४ गते दुवै पक्षलाई उपस्थित गराई थप छलफल गर्ने मिति तोकेको छ । तर अदालतबाट आदेश जारी भइसकेको अवस्थामा पनि शनिबार बिहान वीरगंजमा सडक विस्तारको काम रोकिएन । घण्टाघरस्थित नेपाल दूरसञ्चार कम्पनीको भवनलगायत सडक सीमाभित्र पर्ने संरचनामा डोजर चलाइएको छ ।सडक डिभिजन कार्यालय वीरगंजका फोकल पर्सन इन्जिनियर दुर्गा प्रसादले अदालतको आदेशबारे कार्यालयमा आधिकारिक जानकारी नआएकाले पूर्वनिर्धारित काम जारी राखिएको बताए। उनका अनुसार कार्यालयले अदालतको आदेशको औपचारिक जानकारी प्राप्त गरेपछि त्यसअनुसार आवश्यक प्रक्रिया अघि बढाउनेछ।



**२५÷२५ मिटरभित्रका संरचना हटाउने अभियान**
वीरगंजको मुख्य सडक विस्तारअन्तर्गत सडकको केन्द्रबाट दायाँ र बायाँ २५÷२५ मिटरभित्र पर्ने संरचना हटाउने काम निरन्तर अघि बढाइएको हो । अभियानअन्तर्गत अधिकांश संरचना हटाइसकिएको र अब करिब ३० वटा संरचना मात्र हटाउन बाँकी रहेको सडक डिभिजन कार्यालयले जनाएको छ।

बाँकी संरचनामा सरकारी कार्यालय, बैंक तथा होटललगायतका भवनहरू छन्। सडक डिभिजनका अनुसार राष्ट्रिय वाणिज्य बैंक श्रीपुर, सिद्धार्थ बैंक, माछापुच्छ्रे बैंक, मकालु होटल तथा आर्मी ब्यारेकका संरचनासमेत हटाउन बाँकी छन्। यसअघि निजी तथा व्यावसायिक संरचना हटाउने क्रममा वीरगंजको मुख्य सडक क्षेत्रमा व्यापक डोजर अभियान सञ्चालन गरिएको थियो। सडक विस्तारको काम अन्तिम चरणतर्फ पुगेका बेला अदालतको अल्पकालीन अन्तरिम आदेश आएपछि अभियानमाथि कानुनी प्रश्न थपिएको छ।

**एनटीसीको रिटपछि अदालतको रोक**
नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका तर्फबाट संगिता अर्याल पहाडीले सडक विस्तारका क्रममा आफ्ना संरचना हटाउन लागिएको विषयलाई लिएर उच्च अदालतमा रिट दायर गरेकी थिइन्।

उक्त रिटमाथि शुक्रबार सुनुवाइ गर्दै न्यायाधीश निर्मला पौडेल भट्टराईको एकल इजलासले निवेदनमा उल्लेखित सडक क्षेत्रमा तत्काल बाटो विस्तार गर्ने कार्य नगर्न–नगराउन विपक्षीका नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो।

अदालतले उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)(क) बमोजिम यस्तो आदेश जारी गरेको उल्लेख गरेको छ।

अदालतका अनुसार अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने विषयमा दुवै पक्षलाई राखेर छलफल गर्नु उपयुक्त देखिएकाले आगामी ८८भदौ ४ गते८८ पेशी तोकिएको छ । त्यस मितिसम्म सडक विस्तारसम्बन्धी काम अघि नबढाउन आदेशमा भनिएको छ।

**'आधिकारिक जानकारी आएपछि आदेशअनुसार अघि बढ्छौं'**
अदालतले काम रोक्न आदेश जारी गरिसकेको भए पनि सडक डिभिजन कार्यालयले भने आफूलाई आदेशको औपचारिक जानकारी प्राप्त नभएको बताएको छ । सडक डिभिजन कार्यालय वीरगंजका फोकल पर्सन इन्जिनियर दुर्गा प्रसादका अनुसार शनिबार बिहानदेखि नै घण्टाघर क्षेत्रमा रहेको एनटीसीको भवनलगायत संरचना हटाउने काम भइरहेको थियो।

उनका अनुसार सडक विस्तारअन्तर्गत बाँकी रहेका संरचना हटाउने काम निर्धारित योजनाअनुसार अघि बढाइएको हो । तर अदालतको आदेशको आधिकारिक पत्र प्राप्त भएपछि भने कार्यालयले त्यसैअनुसार आवश्यक निर्णय लिनेछ। यसले अदालतको आदेश र त्यसको कार्यान्वयनबीच व्यवहारमा देखिएको समन्वयको प्रश्नलाई समेत सतहमा ल्याएको छ।

**विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ दिन आदेश**
अदालतले सडक विस्तार रोक्नुपर्ने मागसहित परेको निवेदनमाथि विपक्षीहरूलाई आफ्नो धारणा राख्ने अवसरसमेत दिएको छ । निवेदकले माग गरेको आदेश किन जारी गर्नु नपर्ने हो भन्ने आधार, कारण र प्रमाणसहित बाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्न विपक्षीहरूलाई अदालतले आदेश दिएको छ।

अदालतले तत्कालका लागि सडक विस्तार रोक्दै आगामी भदौ ४ गते दुवै पक्षलाई उपस्थित गराएर अन्तरिम आदेशका सम्बन्धमा थप छलफल गर्ने प्रक्रिया अघि बढाएको हो। त्यस छलफलपछि अदालतले अहिले जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने वा हटाउनेबारे थप निर्णय गर्नेछ।

**करिब ३० संरचना अझै हटाउन बाँकी**
सडक विस्तारको काम पूर्ण रूपमा सकिनुअघि नै अदालतको आदेश आएपछि अब बाँकी संरचनाको व्यवस्थापन कसरी हुन्छ भन्ने विषय महत्वपूर्ण बनेको छ । सडक डिभिजनका अनुसार वीरगंजको मुख्य सडक विस्तारअन्तर्गत अब करिब ३० वटा संरचना हटाउन बाँकी छन्। तीमध्ये सरकारी कार्यालय, बैंक, होटल र सुरक्षा निकायसँग सम्बन्धित संरचना पनि छन्।

राष्ट्रिय वाणिज्य बैंक श्रीपुर, सिद्धार्थ बैंक, माछापुच्छ्रे बैंक, मकालु होटल तथा आर्मी ब्यारेकका संरचना सडक विस्तारको सीमाभित्र पर्ने भएकाले ती संरचना हटाउने प्रक्रिया बाँकी रहेको कार्यालयले जनाएको छ । यसरी हेर्दा अदालतको आगामी आदेशले वीरगंजको सडक विस्तार अभियानको बाँकी चरणमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ।

**अब अदालतको भदौ ४ को निर्णय निर्णायक**
वीरगंजको मुख्य सडक विस्तार लामो समयदेखि बहस र विवादको विषय बन्दै आएको छ । एकातिर सडक फराकिलो बनाएर यातायात व्यवस्थापन सहज बनाउनुपर्ने माग छ भने अर्कोतर्फ सडक सीमाभित्र पर्ने संरचना तथा सम्बन्धित पक्षका कानुनी अधिकारको प्रश्न उठ्दै आएको छ । अहिले उच्च अदालतले भदौ ४ गतेसम्म काम रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेपछि सडक विस्तार अभियान केही समयका लागि कानुनी निर्णयको प्रतीक्षामा पुगेको छ। तर अदालतकोआदेशको आधिकारिक जानकारी कार्यालयमा नपुगेको भन्दै शनिबारसम्म डोजर चलिरहनुले सरकारी निकायबीच आदेश कार्यान्वयनको समन्वय कति प्रभावकारी छ भन्ने प्रश्नसमेत उठाएको छ ।अब भदौ ४ गते हुने सुनुवाइले वीरगंजको मुख्य सडक विस्तारको आगामी दिशा तय गर्नेछ।

अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिए सडक विस्तार तत्काल रोकिनेछ भने आदेश हटाए वा संशोधन गरे बाँकी संरचना हटाउने अभियान पुनः तीव्र गतिमा अघि बढ्न सक्नेछ ।अदालतले भदौ ४ गतेसम्म डोजर रोक्न भनेको छ, तर आदेशको औपचारिक जानकारी नपुगेको भन्दै सडकमा डोजर भने शनिबारसम्म चलिरहेकै छ। अब वीरगंजको सडक विस्तारको भविष्य अदालतको आगामी निर्णय र त्यसको कार्यान्वयनमा निर्भर बनेको छ।

### 'फेक शासन' विरुद्ध निर्णायक आन्दोलनको घोषणा,

# भदौ २३ मा जेनजीको खबरदारी र्‍याली

**मधेशदृष्टि**
**काठमाडौँ।**
देशलाई वर्तमान संकटबाट निकास दिन 'फेक शासनविरुद्ध निर्णायक आन्दोलन' आवश्यक रहेको निष्कर्षसहित जेनजी अगुवाहरूले आन्दोलन पुनर्गठनको घोषणा गरेका छन् । शनिबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमार्फत उनीहरूले जेनजी आन्दोलनलाई नयाँ ढंगले अघि बढाउने घोषणा गर्दै आगामी भदौ २३ गते सरकारविरुद्ध खबरदारी ¥यालीसहित ज्ञापनपत्र बुझाउने कार्यक्रम सार्वजनिक गरेका हुन्। 'कमन जेनजी नेपाल'को आयोजनामा भएको जेनजी संवाद कार्यक्रममा सहभागी अभियन्ताहरूले यसअघिको जेनजी आन्दोलनको समीक्षा गर्दै राज्यको भूमिकाप्रति तीव्र असन्तुष्टि व्यक्त गरे । युवा पुस्ताले उठाएका माग र आन्दोलनका क्रममा भएका घटनाप्रति राज्य गम्भीर बन्न नसकेको आरोप लगाउँदै उनीहरूले अब चुप लागेर बस्ने अवस्था नरहेको बताए।




कार्यक्रममा बोल्दै कमन जेनजी नेपालका अध्यक्ष विकेश साहले भदौ २३ गते सरकारलाई खबरदारी गर्दै ज्ञापनपत्र बुझाउने जानकारी दिए । जेनजी आन्दोलनका क्रममा पीडित बनेकाहरूलाई न्याय दिलाउन सरकारमाथि दबाब सिर्जना गर्ने उद्देश्यले उक्त कार्यक्रम गर्न लागिएको उनको भनाइ थियो । साहले राज्यले युवाको धैर्यतालाई कमजोरीका रूपमा बुझ्न थालेको आरोप लगाउँदै अब त्यसको प्रतिवाद आवश्यक रहेको बताए । उनका अनुसार जेनजी आन्दोलनका मूल माग सम्बोधन नभएसम्म आन्दोलनलाई पुनर्गठन गरेर अघि बढाइनेछ।

- **'जेनजीका हत्यारालाई कारबाही गर, होइन भने कुर्सी छोड'**

पत्रकार सम्मेलनमा साहले जेनजी आन्दोलनका क्रममा भएका घटनाको छानविनका लागि गठित आयोगको प्रतिवेदनका आधारमा दोषीमाथि कारबाही गर्न सरकार असफल भएको आरोप लगाए। जेनजी आन्दोलनमा मृत्यु भएका तथा पीडित बनेकाहरूले न्याय पाउनुपर्ने भन्दै उनले सरकारलाई तत्काल कारबाही प्रक्रिया अघि बढाउन चुनौती दिए । उनले सरकारप्रति कडा आक्रोश व्यक्त गर्दै भने, 'जेनजीका हत्यारालाई कारबाही गर, होइन भने कुर्सी छोड।'साहका अनुसार वर्तमान सरकारले जेनजी आन्दोलनका पीडितलाई न्याय दिलाउने सवालमा अपेक्षित काम गर्न सकेको छैन । छानविन आयोगको प्रतिवेदन सार्वजनिक भइसकेको अवस्थामा दोषीमाथि कारबाही प्रक्रिया अघि नबढ्नु गम्भीर विषय भएको उनको भनाइ छ। उनले सरकारलाई प्रश्न गर्दै आन्दोलनका क्रममा उठाइएका माग सम्बोधन गर्न कुन शक्तिले रोकिरहेको छ भन्ने स्पष्ट पार्नसमेत माग गरे।

- **सुशासनदेखि राज्य संरचनाको आमूल परिवर्तनसम्म**

जेनजी आन्दोलन केवल तत्कालीन असन्तुष्टि व्यक्त गर्ने अभियान नभएको साहले बताए । उनका अनुसार आन्दोलनको मूल उद्देश्य सुशासन स्थापना, रोजगारी सिर्जना, भ्रष्टाचारमा संलग्नलाई कारबाही तथा राज्यको संरचनामै आमूल परिवर्तन गर्नु थियो। तर ती माग पूरा गर्ने दिशामा सरकार पूर्ण रूपमा असफल भएको उनको आरोप छ।

'जेनजी आन्दोलनका नाममा सम्झौता गर्नेहरू र राज्य सञ्चालनको जिम्मेवारी लिएकाहरूसँग अब प्रश्न गर्ने समय आएको छ,' साहले भनेका छन् । आन्दोलनका मागमाथि सम्झौता गरेर त्यसको भावना कमजोर पारिएको हो कि होइन भन्ने विषयमा समेत उनले नेतृत्वसँग जवाफ मागेका छन्। उनले जेनजी आन्दोलनका क्रममा उठेका प्रश्नलाई बेवास्ता गरेर राज्य अगाडि बढ्न नसक्ने दाबी गरे।

'राज्य विघटनतर्फ उन्मुख छ'
साहले वर्तमान अवस्थामा राज्यप्रति नागरिकको विश्वास कमजोर हुँदै गएको दाबी गरेका छन् । राज्यप्रतिको अविश्वास बढ्दै जानु देशका लागि गम्भीर संकटको संकेत भएको उनको भनाइ छ । नेपालको गौरव बढाउन सफल भएको दाबी गरिएको जेनजी आन्दोलनको सम्मान जोगाउन, देशको अस्तित्व रक्षा गर्न र राज्य संरचनामा आवश्यक परिवर्तन ल्याउन सरकार गम्भीर बन्नुपर्ने उनले बताए । उनका अनुसार सरकारसँग अब आन्दोलनका मागलाई टार्नेभन्दा समाधानतर्फ अघि बढ्ने अवसर छ। अन्यथा जेनजी आन्दोलन थप संगठित र व्यापक बन्ने चेतावनी उनले दिएका छन्।

- **भदौ २३ मा शक्ति प्रदर्शन**

कमन जेनजी नेपालले भदौ २३ गते गर्ने कार्यक्रमलाई आगामी आन्दोलनको पहिलो महत्वपूर्ण चरणका रूपमा अघि सारेको छ। अध्यक्ष साहले देशमा आमूल परिवर्तन चाहने जेनजी संगठन तथा अभियन्ता, विभिन्न राजनीतिक दलका अग्रगामी नेता, सक्रिय राजनीतिक तथा सामाजिक शक्ति, नागरिक समाज र युवाहरूलाई एक ठाउँमा उभिन आह्वान गरेका छन् । उनले वर्तमान परिस्थितिबाट देशलाई निकास दिन जेनजी आन्दोलनलाई पुनर्गठन गरेर अघि बढ्ने बताए।

उनको भनाइअनुसार भदौ २३ गते सरकारलाई खबरदारीसहित ज्ञापनपत्र बुझाइनेछ । त्यसपछि पनि सरकारले जेनजीका मागलाई बेवास्ता गरे दोस्रो चरणको आन्दोलनमा जान बाध्य हुने चेतावनी दिइएको छ।

- **आन्दोलन 'रहर होइन, बाध्यता'**

पत्रकार सम्मेलनमा सहभागी अन्य जेनजी अभियन्ताहरूले समेत सरकारले आन्दोलनका माग सम्बोधन नगरेकाले फेरि सडकमा उत्रनुपर्ने अवस्था सिर्जना भएको बताएका छन् । उनीहरूले आगामी भदौ २३ गते सरकारविरुद्ध प्रदर्शन गर्ने कार्यक्रमलाई आन्दोलनको बाध्यात्मक कदमका रूपमा व्याख्या गरे । उनीहरूका अनुसार युवा पुस्ताले परिवर्तनको माग उठाउँदा राज्यले त्यसलाई गम्भीरतापूर्वक लिनुपर्नेमा बेवास्ता गरिरहेको छ । 'आन्दोलन हाम्रो रहर होइन, बाध्यता हो' भन्ने धारणा राख्दै उनीहरूले परिवर्तन चाहने सबै पक्षलाई एकजुट हुन आह्वान गरेका छन्।

- **एउटै मञ्चमा विभिन्न जेनजी अभियन्ता**

काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा रवि किरण हमाल, सौरव भण्डारी, कृष्ण मोहन सहनी, दिपेन्द्र विक, अमृत बोहरा, अभिनव वाग्ले, उज्वल शर्मा, रोनिश साहलगायत विभिन्न जेनजी संगठनको नेतृत्वमा रहेका अभियन्ताहरू सहभागी थिए।

विभिन्न समूह र संगठनमा सक्रिय रहेका अभियन्ताहरूले संयुक्त रूपमा भदौ २३ गते सरकारलाई खबरदारीसहित ज्ञापनपत्र बुझाउने कार्यक्रम अघि सारेका हुन्।

यसलाई जेनजी आन्दोलनलाई पुनः संगठित र संयुक्त रूपमा अगाडि बढाउने प्रयासका रूपमा उनीहरूले प्रस्तुत गरेका छन्।

**सरकारसामु बढ्दो दबाब**
जेनजी अगुवाहरूको पछिल्लो घोषणाले सरकारमाथि राजनीतिक तथा सामाजिक दबाब थपिने संकेत गरेको छ । आन्दोलनका क्रममा उठेका माग, पीडितलाई न्याय, दोषीमाथि कारबाही, सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी र राज्य संरचनामा परिवर्तनजस्ता मुद्दा फेरि सडकमा उठाउने तयारी उनीहरूले गरेका छन् । अब सरकारका लागि मुख्य चुनौती भदौ २३ गते हुने खबरदारी ¥याली मात्र होइन, जेनजी आन्दोलनले उठाएका मूल प्रश्नलाई कसरी सम्बोधन गर्ने भन्ने बनेको छ।

जेनजी अगुवाहरूले स्पष्ट संकेत दिएका छन् 'सरकारले माग सम्बोधन नगरे आन्दोलन रोकिने छैन।' भदौ २३ गतेको खबरदारी ¬ यालीपछि सरकारको प्रतिक्रिया र त्यसले लिने निर्णयले जेनजी आन्दोलनको आगामी दिशा निर्धारण गर्ने देखिन्छ । माग सम्बोधन भए संवाद र समाधानको बाटो खुल्न सक्छ । बेवास्ता गरिए दोस्रो चरणको आन्दोलन सुरु गर्ने चेतावनी जेनजी नेतृत्वले दिइसकेको छ।

यससँगै नेपालको युवा आन्दोलन फेरि सडकमा फर्किने संकेत देखिएको छ । अबको आन्दोलन कति व्यापक हुन्छ, कति संगठित हुन्छ र सरकारको प्रतिक्रिया कस्तो रहन्छ भन्ने कुरा भने आगामी दिनले निर्धारण गर्नेछ।

# रक्तदान कार्यक्रममा ४२ जनाले गरे रगतदान

**मधेशदृष्टि**
**वीरगंज।**
रगतको अभाव भएपछि गुडविल सोसाइटीले शनिबार वीरगंजमा आयोजना गरेको रक्तदान कार्यक्रममा ४२ जनाले रक्तदान गरेका छन् । वीरगंज महानगरपालिका–२ छपकैयास्थित इदगाह चोकमा आयोजित कार्यक्रममा महिलासहित ४२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए। रक्तदान गर्नेहरूमा सम्सुल हक अन्सारी, साहिल अन्सारी, अख्तर अली, बसीर मियाँ, विवेक गुप्ता, मुमताज मियाँ, जुमारत मियाँ, सजाद हुसेन, नवीर आलम, दीपेन्द्र कार्की, कृष्ण साह, राजा कुरेसी र रविन्द्र दासलगायत रहेका छन् । कार्यक्रमका प्रमुख अतिथि एवं वीरगंज महानगरपालिकाका कार्यवाहक मेयर इम्तियाज आलमले रक्तदानजस्तो जीवन बचाउने सामाजिक कार्यमा समाजका हरेक वर्गको सक्रिय सहभागिता आवश्यक रहेको बताए । गुडविल सोसाइटीका अध्यक्ष अरबाज आलमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज महानगरपालिका–२ का वडाध्यक्ष रेयाज मियाँ तेली, वडा सदस्य बासिर मियाँ हजामलगायतको उपस्थिति रहेको थियो।

# नारायणी अस्पतालमा निःशुल्क भोजन

**\मधेशदृष्टि**
**वीरगंज।**
गौतम सेकेन्ड्री स्कूलद्वारा संचालित गौतम समाज कल्याण संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत वीरगंज नारायणी अस्पतालमा निःशुल्क भोजन शिविर सम्पन्न गरेको छ । भोजन शिविरका लागि एक दिनको सम्पूर्ण भोजन खर्चबापत ३२ हजार रुपैयाँको चेक गौतम समाज कल्याण संस्थाका अध्यक्ष गणेश क्षेत्रीले भोजन व्यवस्थापन संस्था वीरगंज समाज सेवाका महासचिव प्रकाश बाहेतीलाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा बोल्दै गौतम समाज कल्याण संस्थाका सदस्य सौराज प्रधानले सामाजिक सेवाको भावनाबाट प्रेरित भएर संस्था तथा विद्यालयले विभिन्न सहयोगात्मक कार्यलाई निरन्तरता दिँदै आएको बताए। उनले गौतम सेकेन्ड्री स्कूल ५० वर्ष पुगेको अवसरमा सामाजिक सेवाका कार्यक्रमलाई थप निरन्तरता दिने योजना रहेको बताए।

शिविरमा संस्थाका उपाध्यक्ष ललित कर्ण, सचिव रमेश शर्मा, सदस्य सिपेन्द्र गुप्तालगायत पदाधिकारीलगायत स्कूलका विद्यार्थी, शिक्षक तथा एनसीसीका विद्यार्थीहरूले स्वयम सेवकको भूमिका निर्वाह गरेका थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन